आज मिति २०७८ साल पुष ५ गते विहान ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७८/०७९ को तेश्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गुणेन्द्र घर्ती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री बाग्मती क्षेत्रीनी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री केशवलाल कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री गञ्ज बहादुर क्षेत्री | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री नमराज थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री अर्जुन सुवेदी | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री मानसिं पुन | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री पुर्ण बहादुर पुन | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री सुना परियार | कार्यपालिका सदस्य वडा नं. ५ | सुना |
| ११ | श्री आशा सुनार | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १२ | श्री सुनिता रोकामगर | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १३ | श्री मन्सरी वि.क. | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री चन्द्र मरमथानी | कार्यपालिका सदस्य वडा नं. २ | |
| १६ | श्री गौतम भण्डारी | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| आमन्त्रित | | | |
| १ | श्री गिर बहादुर विष्ट | का.वा. वडा अध्यक्ष वडा नं. ३ | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | नुमाकान्त कालाथोकी | प्रशासन शाखा प्रमुख | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |

## तेश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) लुम्बिनी प्रदेश लोकसेवा आयोगमा कर्मचारी माग सम्बन्धमा ।
२) स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन सम्बन्धमा ।
३) कोभिड लक्षित कार्यक्रम स्वीकृति सम्बन्धमा ।
४) सुलिचौर, रुइनिबाङ बजार क्षेत्रभित्र सवारी साधन व्यवस्थित गर्ने सम्बन्धमा ।
५) साहित्यीक कार्यक्रम सम्बन्धमा ।
६) सुलिचौर अरेश मोटरबाटो मर्मतको रकम भुक्तानी सम्बन्धमा ।
७) गैर सरकारी संस्था परियोजना सल्लाहकार समिति गठन सम्बन्धमा ।
८) १५ शैया अस्पताल निर्माण सम्बन्धमा ।
९) प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना स्वीकृत सम्बन्धमा ।
१०) पोषण कार्यक्रम स्वीकृत सम्बन्धमा ।
११) सामाजिक सुरक्षा भत्ता सम्बन्धमा
१२) बाल विवाह न्यूनिकरण सम्बन्धमा ।
१३) विविध छलफल सम्बन्धमा ।

## २०७८ पुष ५ गते बसेको तेश्रो कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | लुम्बिनी प्रदेश लोकसेवा आयोगमा कर्मचारी माग सम्बन्धमा । | यस गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेको दरवन्दी पदपुर्तिका लागी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा माग गर्न आवश्यक रहेको । | प्रदेश सरकार, लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुकाम : वुटवल, नेपालको प.सं. २०७८/०७९, च.नं. ८१४, मिति २०७८/०७/२६ को प्राप्त पत्रानुसार कर्मचारी पदपुर्तिको लागि माग गर्नुपर्ने भएको हुदाँ पछि सम्म फरक नपर्ने गरी माग अनुसार सिफारिस भएका उमेदवारहरुलाई पालिकाले स्थायी नियुक्ति दिने र निजहरुको सेवा सर्त सुविधा पछि बन्ने स्थानीय सेवाको कर्मचारी सम्बन्धि कानुन बमोजिम हुने गरी यस गाउँपालिका तथा मातहतका कार्यालयहरुमा रिक्त रहेको अनुसूची-१, बमोजिम कर्मचारी पदपूर्तीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा माग गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन सम्बन्धमा । | स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनलाई स्वीकृत गर्ने । | गत आ.व.मा यस गाउँपालिकाबाट भएको कार्य सम्पादनका आधारमा स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनबाट प्राप्त नम्बरलाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | कोभिड लक्षित कार्यक्रम स्वीकृति सम्बन्धमा । | कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार लक्षित नगद हस्तान्तरण प्राप्त गर्ने लाभग्राहीको निवेदन माथि छलफल गरि लाभग्राही छनौट गर्ने । | कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार लक्षित नगद हस्तान्तरण प्राप्त गर्ने लाभग्राहीको वडा कार्यालयबाट निवेदन सहित सिफारिस प्राप्त भए अनुसारका ७२९ जना कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई छनौट गरि स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | सुलिचौर, रुइनिबाङ बजार क्षेत्रभित्र सवारी साधन व्यवस्थित गर्ने सम्बन्धमा । | सुलिचौर रुइनिबाङ बजार क्षेत्रभित्र सवारी साधनलाई व्यवस्थीत गर्न आवश्यक देखिएको । | मिति २०७८ मंसिर २९ गतेका दिन समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत यस गाउँपालिका र ईलाका प्रहरी कार्यालय सुलिचौर रोल्पाको संयुक्त आयोजना तथा अस्थायी ट्राफिक प्रहरी पोष्ट सुलिचौर रोल्पाको समन्वयमा सञ्चालित ट्राफिक व्यवस्थापन विषयक सरोकारवाला निकायहरुसँगको अन्तरकिया कार्यक्रमबाट बजारमा भएको सवारी साधनको अस्तव्यस्ततालाई समाधान गर्न गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी बसपार्क निर्माण र सञ्चालन गर्ने निर्णय भएको हुदाँ सोही अनुसार कार्य अगाडि बढाउने र उक्त कार्यलाई कार्यान्वयनका लागि इलाका प्रहरी कार्यालय सुलिचौँर र अस्थायी ट्राफिक पोष्ट सुलिचौरलाई अनुरोध गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ५ | साहित्यीक कार्यक्रम सम्बन्धमा । | जि.एम मूभिज प्रोडक्शन प्रा.ली सुनिलस्मृति गाउँपालिका वडा नं. ६ ले यहि मिति २०७८ पौष २४ देखि साहित्यी कार्यक्रम गर्ने भनि आर्थिक सहयोग सहितको निवेदन प्राप्त भएको । | जि.एम मूभिज प्रोडक्शन प्रा.ली सुनिलस्मृति गाउँपालिका वडा नं. ६ ले समाजको लागि शब्द सुनिलस्मृति साहित्यक महोत्सव यहि मिति २०७८ पौष २४ देखि २६ गतेसम्म सुलिचौरमा साहित्यक कार्यक्रम गर्ने भनि आर्थिक सहयोग सहितको निवेदन प्राप्त भएको हुदाँ ४ लाख नबढ्ने गरी मिल्दो खर्च शिर्षकबाट उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | सुलिचौर अरेश मोटरबाटो मर्मतको रकम भुक्तानी सम्बन्धमा । | सुलिचौर अरेश मोटरबाटो मर्मत रकम भुक्तानी गर्न आवश्यक रहेको । | सुलिचौर अरेश जोड्ने मोटरबाटो वडा नं. ४ धनचौरमा ठुलो चट्टान झरी अबरुद्ध भएको मोटरबाटो निर्माण कार्य विष्फोटक पदार्थबाट गर्नुपर्ने भएकोले विष्फोटक पदार्थ विष्फोट गर्नका लागि चट्टानमा होल खोल्नका लागि प्रति होल रु २ हजारका दरले भुक्तानी गर्ने र साथै अन्य खर्च संझौता अनुसार रकम मर्मत संभार कोष खर्च शिर्षकबाट भुक्तानी गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | गैर सरकारी संस्था परियोजना सल्लाहकार समिति गठन सम्बन्धमा । | गैर सरकारी संस्था परियोजना सल्लाहकार समिति गठन गर्न आवश्यक रहेको । | गैर सरकारी संस्था परियोजना सल्लाहकार समिति गठन गर्नुपर्ने भएको हुदाँ उपाध्यक्षज्यूको संयोजकत्वमा तपशिल बमोजिमको सल्लाहकार समिति गठन गर्नुपर्ने ।<br>**तपशिल**<br>१) गाउँपालिका उपाध्यक्ष संयोजक<br>२) सामाजिक विकास समिति संयोजक सदस्य<br>३) शाखा प्रमुखहरु सदस्य<br>४) कार्यपालिका सदस्य सुनिता रोका सदस्य<br>५) प्रशासन शाखा प्रमुख सदस्य सचिव | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ८ | १५ शैया अस्पताल निर्माण सम्बन्धमा । | यस गाउँपालिकाका लागि १५ शैया अस्पताल निर्माण कार्य अगाडी बढाउन आवश्यक रहेको । | यस गाउँपालिकामा १५ शैया अस्पताल निर्माण कार्य अगाडि बढाउनु पर्ने भएकाले यस अघि गठन भएको कार्यदललाई एक हप्ता भित्र जग्गा छनौट गरि गाउँपालिकामा पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना स्वीकृत सम्बन्धमा । | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडाबाट सिफारिस भई आएका योजनाहरुलाई स्वीकृत गर्न आवश्यक रहेको । | चालु आ.व.मा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सवै वडाहरुबाट सिफारिस भई आएका योजनाहरुलाई स्वीकृत गरि कार्यान्वयन प्रकृयालाई अगाढी बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १० | पोषण कार्यक्रम स्वीकृत सम्बन्धमा । | चालु आ.व.मा सञ्चालन हुने पोषण कार्यक्रमलाई स्वीकृत गर्न आवश्यक रहेको । | चालु आ.व.मा सञ्चालनका लागि पोषण कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु अनुसूची-२ बमोजिम स्वीकृत गरी कार्यान्वयन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ११ | सामाजिक सुरक्षा भत्ता सम्बन्धमा । | गत आ.व.मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको सामाजिक भत्ता अपुग भएको । | गत आ.व.मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले १ महिना बराबरको सामाजिक सुरक्षा भत्ता प्राप्त नभएको र गाउँपालिकाको आन्तरिक श्रोत समेत नभएको हुदाँ नपुग रकम रु ६९,११, २२५। राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागमा माग गरी लाभग्राहीहरुलाई उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १२ | बाल विवाह अन्त्य सम्बन्धमा । | बाल विवाह न्यूनिकरणका लागि अन्तरक्रिया कार्यक्रम गर्न आवश्यक रहेको । | बाल विवाह विरुद्ध रणनीति योजना-२०७७, को लक्ष्य अनुसार "वि.सं. २०८२ सम्ममा सुनिलस्मृति गाउँपालिकामा बालविवाहलाई अन्त्य गरी बालविवाह मुक्त गाउँपालिका घोषणा गर्ने" भनि रणनीतिक योजना स्वीकृत भएको हुदाँ बाल विवाह अन्त्यका लागि कडाईका साथ गाउँपालिका तथा वडाहरुमा अन्तरक्रिया कार्यक्रम गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | विविध सम्बन्धमा । | छलफल | प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको । | | |
| | | | **क)** खानेपानी मुहान दर्ता सम्बन्धमा । | **क)** खानेपानी मुहान दर्ताका लागी खानेपानी मुहान दर्ता कार्यविधि तयार गरी आगामी बैठकमा पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | | **ख)** अनुदान शिक्षक कार्यविधि २०७८ स्वीकृत सम्बन्धमा । | **ख)** गाउँपालिका शिक्षा समितिमा छलफल भई गाउँ कार्यपालिका बैठकमा पेश भएको अनुदान शिक्षक कार्यविधि २०७८ लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | | **ग)** राष्ट्रपति शैक्षिक सुधारको लागि विद्यालयको प्रस्तावको प्राथमिकता निर्धारण सम्बन्धमा । | **ग)** राष्ट्रपति शैक्षिक सुधारको लागि विद्यालयबाट प्राप्त प्रस्तावहरुको अनुसूची-३ बमोजिमका प्राथमिकता निर्धारण गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | | **घ)** नगर प्रहरी कार्यविधि तयार गर्ने । | **घ)** नगर प्रहरी कार्यविधि २०७८ तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | | **ङ)** सिंचाई योजना माग गर्ने सम्बन्धमा । | **ङ)** शिवखरे खोला, आरुखारा, सिचाई योजना वडा नं. ६ र जुतिङखोल, बाजाघाट हुदै छिर्ने सिचाई योजना वडा नं. ४ लाई छनौट गरी जलश्रोत तथा सिंचाई डिभिजन कार्यालयमा माग गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | | **च)** सुनिलस्मृति गाउँपालिकाद्धारा संचालन हुने सबै प्रकारका तालिम, गोष्ठी, सेमीनार, कार्यशाला, बैठक संचालन तथा सञ्चार र इन्धन खर्चको मापदण्ड (Norms), २०७७ संशोधन सम्बन्धमा । | **च)** सुनिलस्मृति गाउँपालिकाद्धारा संचालन हुने सबै प्रकारका तालिम, गोष्ठी, सेमीनार, कार्यशाला, बैठक संचालन तथा सञ्चार र इन्धन खर्चको मापदण्ड (Norms), २०७७ अनुसार गाउँपालिकामा कार्यरत कर्मचारीहरुले मासिक रुपमा पाउदै आएको सञ्चार खर्च बापत मासिक अधिकृत स्तर रु १०००। सहायक स्तर रु ७००, वडा सचिव र शाखा प्रमुख सहायकस्तर भए पनि रु १०००। उपलब्ध गराउने गरी पहिलो संशोधन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | | **छ)** स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमका लागी आयोजना माग गर्ने सम्बन्धमा । | **छ)** यस गाउँपालिकाका लागी प्रशासकीय भवन अत्यावश्यक भएको हुदाँ तपशिल वमोजिको सर्त र अधिनमा रहने गरी स्थानीय पूर्वाधार विभाग, श्रीमहल, पुल्चोक, ललितपुरमा प्रशासकीय भवन पूर्वाधार आयोजना माग गर्ने ।<br>१) भवन निर्माण गरीने जग्गामा विपद्को जोखिम नरहेको ।<br>२) सबै वडाबाट सजिलै पहुँचको सुविधा र केन्द्रमा रहेको ।<br>३) वर्तमान अवस्थामा भाडाको घरबाट सेवा प्रभाव भइरहेको ।<br>४) वार्षिक आन्तरीक आय रु ३५ लाख (आ.व २०७७।०७८) रहेको ।<br>५) साथै गाउँपालिकाबाट लागत सहभागीता व्योहोर्ने प्रतिवद्धता सहित । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | | **ज)** योजना संशोधन सम्बन्धमा । | **ज)** वडा नं. ६ गजुल रोल्पाको प.सं. २०७८/०७९, च.नं. २७३, मिति २०७८/०९/०२ को सिफारिस पत्रानुसार चालु आ.व.मा स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत झेवखोला देखि स्यालकोट सम्म सिचाई कुला शिर्षकको योजनालाई संशोधन गरी झेवखोला देखि स्याला सम्म सिंचाई योजना कायम गरि पाउँ भनि प्राप्त सिफारिस अनुसार झेवखोला देखि स्याला सम्म सिंचाई योजनालाई स्वीकृत गरि आगामी गाउँसभाबाट अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

# अनुसूची-१

| सि.नं. | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरवन्दी संख्या | पदपूर्ती भएको स्थायी कर्मचारी संख्या | जम्मा रिक्त कर्मचारी संख्या | पदपूर्तीको लागि प्रदेश लोकसेवामा माग गर्ने संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशासन सहायक | पाँचौ | सा.प्र. | ६ | २ | ४ | ४ | |
| २ | नायव सुव्वा | पाँचौ | न्याय | १ | ० | १ | १ | |
| ३ | सव-इन्जिनियर | पाँचौ | जनरल | २ | १ | १ | १ | |
| ४ | सर्भेक्षक | पाँचौ | | १ | ० | १ | १ | |
| | | | कृषि तर्फ | | | | | |
| ५ | ना.प्रा.स. | चौथो | नेपाल कृषि सेवा | १ | ० | १ | १ | |
| ६ | प्रा.स. | पाँचौ | नेपाल कृषि | २ | १ | १ | १ | |
| | | | स्वास्थ्य तर्फ | | | | | |
| ७ | मे.अ. | आठौं | जनरल हेल्थ | १ | ० | १ | १ | |
| ८ | सि.अ.हे.व. | छैठौं | स्वा.से./हे.ई | ६ | १ | ५ | ५ | |
| ९ | सि.अ.न.मी. | छैठौं | स्वा.से.क.न. | ३ | ० | ३ | ३ | |
| १० | सि.अ.हे.व. | पाँचौ/चौथो | स्वा.से./हे.ई | १५ | १० | ५ | ५ | |
| ११ | सि.अ.न.मी. | पाँचौ | स्वा.से./क.न. | १४ | ९ | ५ | ५ | |
| जम्मा | | | | ५२ | २४ | २८ | २८ | |

# अनुसूची-२

**बहुक्षेत्रीय पोषण कार्यक्रम (ब.उ.शि.नं.३६५००१०६३)** रु (०००)

| क्र.सं. | विषयगत क्षेत्र | क्रियाकलाप | इकाई | परिमाण | प्रति इकाई मूल्य | जम्मा रकम | श्रोत (नेपाल सरकार, प्रदेश, स्थानीय तह र अन्य विकास साझेदार)रकम खुलाउने | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रवर्धन कार्यक्रम | वडा स्तरियपोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमित वैठक | पटक | ८ | १३.०० | १०४.०० | नेपाल सरकार | |
| | | पोषण स्वयंसेवकको निर्वाह खर्च र संञ्चार खर्च | पटक | १२ | २०.५० | २४६.०० | नेपाल सरकार | |
| | | पोषण स्वयंसेवकको चाडपर्व खर्च | पटक | १ | २०.०० | २०.०० | नेपाल सरकार | |
| | | पोषण स्वयसेवको पोषाक खर्च | पटक | १ | १०.०० | १०.०० | नेपाल सरकार | |
| २ | खानेपानी तथा सरसफाई शाखा | स्वास्थ्य केन्द्रमा वास कर्नर व्यस्था गर्ने | पटक | ८ | २०.०० | १६०.०० | नेपाल सरकार | |
| ३ | स्वास्थ्य शाखा | पोषण मैत्री स्वास्थ्य संस्थाको घोषणा कार्यक्रम | पटक | ३ | १००.०० | ३००.०० | नेपाल सरकार | |
| ४ | शिक्षा शाखा | किशोरीहरुको नियमित विद्यालय सुनिश्चिता पोषण खानपान तथा सरसफाई सम्वन्धि किशोरी,अभिभावकविद्यालय व्यवस्थापन समिति र शिक्षक बिच अन्तरक्रिया कार्यक्रम | पटक | ५ | २०.०० | १००.०० | नेपाल सरकार | |
| | | बाल विकास सहजकर्तालाई पोषण सम्वन्धि तालिम | पटक | ८ | १२.५० | १००.०० | नेपाल सरकार | |
| | | सामुदायिक विद्यालयमा सरसफाई सम्वन्धि सामाग्री व्यवस्थापन | पटक | ४ | ३७.५० | १५०.०० | नेपाल सरकार | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | महिला तथा बालबालिका शाखा | पोषण सुधारको लागि विपन्न महिला सहकारी वा समुहमा नगद अनुदान कार्यक्रम | पटक | १ | ६२५.०० | ६२५.०० | नेपाल सरकार |
| | | किशोरीहरुलाई घरेलु सेनिटरी प्याड निर्माण तालिम | पटक | २ | ५०.०० | १००.०० | नेपाल सरकार |
| | | सासु वुहारी अन्तक्रिया कार्यक्रम | पटक | ३ | ५०.०० | १५०.०० | नेपाल सरकार |
| ६ | कृषि विकास शाखा | सुनौलो हजार दिनका आमाहरुलाई मौसमि तथा वेमौसमी मिनिकिट वितरण | पटक | १ | २७५.०० | २७५.०० | नेपाल सरकार |
| | | सुनौला हजार दिनका आमाहरुलाई एक दिने करेसावरी प्रवर्धन तालिम | पटक | २ | ५०.०० | १००.०० | नेपाल सरकार |
| ७ | पशुपन्छी शाखा | सुनौला हजार दिनका आमाहरुलाई लर्यसजातका चल्ला वितरण | पटक | १ | २८५.०० | २८५.०० | नेपाल सरकार |
| | | एक दिने कुखुरापालन तालिम तथा औषधी तथा दाना वितरण | पटक | १ | ६५.०० | ६५.०० | नेपाल सरकार |
| जम्मा | | | | | | २७९०.०० | |

## अनुसूची-३

### राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि तपशिल अनुसारको विद्यालयहरुलाई प्राथमिकता क्रम तोकिएको

१) सुर्योदय आवि क्वालिगाउँ — ४ कोठे भवन
२) नेरा मावि अरेश — ४ कोठे भवन /ict
३) नेरा मावि तेवाङ — ४ कोठे भवन
४) ज्योति प्रकाश मावि हरिगाउँ — ४ कोठे भवन
५) देवि भक्त आवि थुम्पाकी — ४ कोठे भवन
६) सुर्योदय मावि सुलिचौर — ४ कोठे भवन /ict
७) चन्द्र प्रभा मावि मिझिङ — ४ कोठे भवन /ict
८) उदय प्रावि रिझा — २ कोठे भवन
९) नमुना प्रावि फुलधारा — २ कोठे भवन
१०) मावि घोडागाउँ — ४ कोठे भवन
११) जनता आवि कोइरालखर्क — ४ कोठे भवन
१२) जनजोति मावि गजुल — ४ कोठे भवन
१३) शिशुकल्याण प्रावि घोडागाउँ — ४ कोठे भवन
१४) लिप्ने प्रा.वि. आफले — ४ कोठे भवन
१५) कालिका प्रावि खुग्रीकोट — ४ कोठे भवन
१६) बालवोध आ.वि. काभ्रा — ict